# बर्दिबास नगरपालिका

## पशु विकास फार्म दर्ता कार्यविधि, २०८१

कार्यपालिका बैठक नं. सङ्ख्या

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१ ११ १२

प्रमाणिकरण मिति :

बर्दिबास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल

# पशु विकास फार्म दर्ता कार्यविधि २०८१

पृष्टभूमि :

पशुपालन व्यवसायलाई आधुनिक र प्रतिस्पर्धि बनाई कृषकहरूको जीवन स्तर उकास्न स्थानिय सरकार संचालन ऐन २०७४को दफा ११(७) ले दिईएको अधिकार प्रयोग गरी नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

१) प्रारम्भ

क) संक्षिप्त नाम र प्रारम्भ :

१. यो कार्यविधिको नाम " पशु विकास फार्म दर्ता कार्यविधि २०८१" रहेको छ ।

२. यो कार्यविधि बर्दिवास नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट पास भएको मितिबाट लागु हुनेछ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले बर्दिवास नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) "कृषि समिति" भन्नाले बर्दिवास नगरपालिकाको कृषि समिति सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले बर्दिवास नगरपालिका पशु सेवा शाखा सम्झनु पर्दछ

ङ) "निजि फार्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि यस शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ ।

## परिच्छेद २

२.पशु विकास फार्म दर्ताको मापदण्ड देहाय बमोजिम हुनेछ :

१. व्यावसायिक गाई/भैसी फार्मको बर्गिकरण :

यस फार्मलाई ३ वर्गमा विभाजन गरिएको छ ।

क. साना व्यावसायिक गाई/भैसी फार्म :

५-१० वटा गाई/भैसी पालन गरी दुध उत्पादन व्यावसाय शुरु गरेको फार्मलाइ मानिने छ ।

ख. मझ्यौला व्यावसायिक गाई/भैसी फार्म :

११-२० वटा गाई/भैसी पालन गरी दुध उत्पादन व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ

ग. ठूला व्यावसायिक गाई/भैसी फार्म :

२१ वटा भन्दा बढि गाई/भैसी पालन गरी दुध उत्पादन व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ



CamScanner

२. व्यावसायिक बाख्रा फार्मको बर्गिकरण :

यस फार्मलाइ ३ वर्गमा विभाजन गरिएको छ ।

क. साना व्यावसायिक बाख्रा फार्म :

२०-३० वटा माउ बाख्रा वा १०-१५ वटा बोयर माउ बाख्रा पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

ख. मझ्यौला व्यावसायिक बाख्रा फार्म :

३१-५० वटा माउ बाख्रा वा १६-३० वटा बोयर माउ बाख्रा पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

ग. ठूला व्यावसायिक बाख्रा फार्म :

५१ वटा भन्दा बढि माउ बाख्रा वा ३१ वटा भन्दा बढि बोयर माउ बाख्रा पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

३. व्यावसायिक बंगुर फार्मको बर्गिकरण :

यस फार्मलाइ ३ वर्गमा विभाजन गरिएको छ ।

क. साना व्यावसायिक संगुर/बंगुर फार्म :

पाठापाठी उत्पादनको लागी भए १०-१५ वटा माउ बुंगुर र मासुका लागी भए २०-३० वटा बंगुर पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

ख. मझ्यौला व्यावसायिक सुंगुर/बंगुर फार्म :

पाठापाठी उत्पादनको लागी भए १६-३० वटा माउ बुंगुर र मासुका लागी भए कम्तिमा ३१-५० वटा बंगुर पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

ग. ठुला व्यावसायिक सुंगुर/बंगुर फार्म :

पाठापाठी उत्पादनको लागी भए ३१ वटा माउ बुंगुर भन्दा बढि र मासुका लागी भए कम्तिमा ५१ वटा भन्दा बढि बंगुर पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ

४. व्यावसायिक कुखुरा फार्मको बर्गिकरण :

क. साना व्यावसायिक कुखुरा फार्म ;

२००-१००० वटा लेयर्स,ब्रोइलर वा १००-२०० स्थानिय जातको कुखुरा, टर्कि, हाँस, बट्टाइ,कालिज पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

ख. मझ्यौला व्यावसायिक कुखुरा फार्म :

१०००-३००० वटा लेयर्स, ब्रोइलर वा २००-१००० स्थानिय जातको कुखुरा, टर्कि,हाँस,बट्टाइ,कालिज पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

ग. ठुला व्यावसायिक कुखुरा फार्म :

३००० वटा देखी माथि लेयर्स, ब्रोइलर वा १००० देखी माथि स्थानिय जातको कुखुरा, टर्कि,हाँस,बट्टाइ,कालिज पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ

५. माछा पालन फार्म :

क. साना व्यावसायिक माछा फार्म :

कम्तिमा ३ कट्ठा देखी १० कट्ठा सम्म पोखरी निर्माण गरी व्यावसायिक रुपमा माछा पालन व्यावसाय गरेको हुनु पर्नेछ ।

ख. मझ्यौला व्यावसायिक माछा फार्म :

कम्तिमा ११ कट्ठा देखी ३० कट्ठा सम्म पोखरी निर्माण गरी व्यावसायिक रुपमा माछा पालन व्यावसाय गरेको हुनु पर्नेछ ।

ग. ठुला व्यावसायिक माछा फार्म :

कम्तिमा ३१ कट्ठा भन्दा माथि जग्गामा पोखरी निर्माण गरी व्यावसायिक रुपमा माछा पालन व्यावसाय गरेको हुनु पर्नेछ ।

६. **मिश्रित फार्म :** माथिका न्यूनतम परीधि पुरा गरेर एक भन्दा बढि किसिमका पशुपंक्षि एउटै ब्यक्तिले वा साझेदारी रुपमा व्यावसायिक तबरले पालन गरीएको हुनु पर्नेछ ।

७. **मासु पसल :** दैनिक २० के.जी. भन्दा बढि मासु बिक्रि गर्ने मासु पसललाई दर्ता प्रकृयामा लगिनेछ ।

८. **डेरी पसल :** दैनिक ५० लिटर भन्दा बढि दूध बिक्रि गर्ने डेरी पसललाई दर्ता प्रकृयामा लगिनेछ ।

९. **एग्रोभेट पसल :** प्रमाणपत्र सहित खोलिएका एग्रोभेटहरुलाइ आवश्यक्ता अनुसार शाखामा दर्ता गरीनेछ ।

## परिच्छेद ३

### ३.फार्म दर्ता प्रकृया :

क. पशु विकास फार्म दर्ता गराउन देहायका कागजातहरू सहीत निवेदन दिनु पर्नेछ

- ✓ अनुसुची १ अनुसारको निवेदन
- ✓ नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ २ प्रति पासपोर्ट साइजको फोटो
- ✓ चार किल्ला प्रमाणित
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तीमा ५ वषको)

✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा /मञ्जुरीनामा
✓ राजश्व खातामा राजश्व बुझाएको रसिद
✓ सम्बन्धित वडा कार्यालयको सिफारीस

ख. निवेदन को अधारमा शाखाबाट स्थलगत अनुगमन गरी फार्म दर्ता गर्न उपयुक्त देखीएमा अनुसुची २ को ढाँचामा प्रमाणपत्र जारी गर्नु पर्नेछ

नोट :

✓ दर्ता भएको फार्म/एग्रोभेट/डेरी पसल /मासु पसलको समय समयमा अनुगमन गरीनेछ र कानुन विपरीत कामकाज गरेको पाइएमा बर्दिवास नगरपालिकाको निर्णय बमोजिम कारवाही गरिनेछ ।

## परिच्छेद ४

४. विविध

(क) नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै अस्पष्टता भएमा नगरपालिकाले व्याख्या गरी वाधा अवरोध फुकाउन सक्नेछ ।

CamScanner

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

## फार्म दर्ताको लागी विवेदनको ढाचा

बर्दिवास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
मधेश प्रदेश,नेपाल

मिति :........................

श्रीमान प्रमुख ज्यू ,
बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा,बर्दिवास

विषय : फार्म दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा बर्दिवास नगरपालिका वडा नं. ......मा मैले ...........गोटा संख्यामा मिति ....................देखी .....................पालन गर्दै आइरहेको वा मिति : ........................भित्रमा ......गोटा संख्यामा व्यावसायिक रुपमा ............ पालन गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु. .....................को कारोबार हुने गरी ...................................नामको फार्म दर्ता गरी पाउ भनि तपशिलमा उल्लेखित कागजातहरु संगलग्न राखी फार्म दर्ताको लागी यो निवेदन पेश गरेको छु ।

संगलग्न कागजातहरु

- ✓ निवेदन
- ✓ नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ २ प्रति पासपोर्ट साइजको फोटो
- ✓ चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा /मञ्जुरीनामा
- ✓ राजश्व खातामा राजश्व बुझाएको रसिद
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारीस
- ✓ वडाको पशुसेवा/पशुस्वास्थ्य प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

निवेदक

हस्ताक्षर :

नाम :

अनुसूचीं. २

वर्दिवास नगर पालिका

# नगर कार्यपालिको कार्यालय

पशु सेवा शाखा

वर्दिवास, महोत्तरी ।

फोटो

# फार्म दर्ता प्रमाण पत्र

१. दर्ता नं. :- दर्ता मिति :

२. फार्मको नाम :-

३. फार्म धनिको नाम :

३. फार्मको किसिम :-

४. फार्मको उद्देश्य :

५. फार्म रहने ठेगाना :- जिल्ला : नगरपालिका :

वडा नं. :- टोल :-

सम्पर्क नं.

६. जम्मा पशु पंक्षिको संख्या :-

............................ ............................

पशु सेवा शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

नोट-:कृपया प्रत्येक आ.व.को शुरु भएको तिन महिना भित्र ईजाजत पत्र नवीकरण गराउनु होला ।

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# नविकरण सम्वन्धि विवरण

| नवीकरण मिति | आ.व. | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**पुनश्च :**

क) कुनै पनि प्रकारबाट व्यवसाय गर्न छोड्ने र बन्द गर्ने भएमा तुरुन्त नगरपालिकामा निवेदन दिनु पर्नेछ।